विहादी गाउँपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ८ | संख्या ४ | मिति २०८१।०८।२६ |

# भाग २

विहादी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल

संवत २०८१ सालको कार्यविधि/मापदण्ड संख्या ४

# हलगोरु पालने कृषकलाई उपलब्ध गराउने अनुदान कार्यक्रम संचालन मापदण्ड, २०८१

विहादी गाउँपालिका अन्तर्गत रही हलगोरु पाल्ने कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले विहादी गाउँसभाबाट अनुदान उपलब्ध गराउने गरि बजेट विनियोजन भई कार्यान्वयन गर्न कृषकहरु छनौट गरि कार्यक्रम सञ्चालन गर्नको लागि मापदण्डको आवश्यकता महसुस गरि यो मापदण्ड तयार गरि प्रकाशन गरिएको छ ।

# हलगोरु पालने कृषकलाई उपलब्ध गराउने अनुदान कार्यक्रम संचालन मापदण्ड, २०८१

यस विहादी गाउँपालिकामा कृषि पेशा मुख्य आयआर्जन तथा पेशाको रुपमा रहेको देखिन्छ। यस पालिका भित्र रहेको पहाडको डाँडापाखाहरुमा किसानहरुले खनजोत गरि कृषि कर्म गर्ने र आमदानी गर्ने गर्दछन। बढ्दो आधुनिक प्रविधिको प्रयोग र गोरु पालनमा किसानहरुको दिनदिनै घट्दै गईरहेको रुचिको कारण याहाँका खेती योग्य जमिन पनि दिनदिनै बाझो हुदै गईरहेको तथा लोप हुने अवस्थामा रहेको स्थानीय काठे गोरुलाई मध्य नजर गर्दै यहाँका किसानहरुलाई कृषि पेशा तर्फ उन्मुख गराउने उध्देश्यले हलगोरु पालने कृषकलाई अनुदान उपलब्ध गराउन यस विहादी गाउँपालिकाको स्विकृत कार्यक्रम रहेको छ।

**कार्यक्रमः हलगोरु पालने कृषकलाई अनुदान**

१ प्रति हलगोरु पालने कृषकलाई अनुदान रु १००००/-

**कार्यक्रम लागु हुने स्थानः**

विहादी गाउँपालिकाका सम्पुर्ण वडाहरु

**कार्यक्रम संचालन गर्ने प्रकृयाः**

यस कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाले सम्बन्धीत शिर्षकमा १५ दिने सुचना प्रकाशन गर्ने छ। सुचना वमोजिम माँग हुन आएका निवेदन माथी सम्बन्धीत शाखाले आवश्यक प्रकृया पुरा गरी कृषक छनौट गरिसकेपछि गाउँपालिकाले छनौटमा परेका कृषकहरुको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ।

**कृषक छनौटका आधारहरुः**

१. निवेदकको नागरिक्ताको प्रतिलिपि
२. वडाको सिफारिस
३. कम्तिमा ३ वर्ष हलगोरु निरन्तर पालने प्रतिवद्धता
४. हलगोरु राख्ने गोठ प्राविधिक हिसावले उत्तम रहेको प्रविधिक प्रतिवेदन
५. एक हलगोरु एउटै व्यक्ति/किसानको नाम/फर्मबाट विमा गराएको हुनुपर्ने
६. नियमित खोप लगाएको खोप कार्ड
७. स्पस्ट ट्याग देखिने गरि गोरुहरुको फोटो
८. विमा पोलिसिको प्रतिलिपि

**अनुदान उपलब्ध गराउने आधारहरुः**

१. कृषकको निवेदन
२. वडाको सिफारिस
३. निवेदकको नागरिक्ताको प्रतिलिपि
४. विमा पोलिसिको प्रतिलिपि
५. स्पष्ट ट्याग देखिने गरि गोरुहरुको फोटो

आज्ञाले

हरि प्रसाद भुसाल

प्रमख प्रशासकीय अधिकृत